**ISSN 2505-0974**

# पापिनी आमा काव्यको खण्डकाव्यत्व

**डा.विष्णुकुमार खत्री**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस**
Email : k.cbishnu930@gmail.com

**सार**

प्रस्तुत लेख माधव घिमिरेद्वारा लिखित पापिनी आमा काव्यको खण्डकाव्यत्व निरूपणमा केन्द्रित छ । यसमा मूल समस्या समाधानका लागि पूर्वीय साहित्यशास्त्रका आचार्यहरूले वर्णन गरेका खण्डकाव्यका तत्वहरूलाई उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार पूर्वीय साहित्यशास्त्रमा वर्णित कविताको मझौला आयामअन्तर्गत पर्ने प्रबन्धकाव्यलाई चिनाउने खण्डकाव्यसिद्धान्त रहेको छ । यस सिद्धान्तले जीवनजगत्को एक पक्षको विषयवस्तुलाई कथावस्तुका रूपमा प्रस्तुत गर्ने काव्यकृतिलाई खण्डकाव्यका रुपमा स्वीकार गरेको छ । एकरस केन्द्री हुने, एक लयको स्थायित्व हुने, सरससहज आलङ्कारिक भाषाशैली हुने, फुटकर कविताभन्दा माथि र महाकाव्यभन्दा तलको मझौला आकृतिको आख्यानसापेक्ष कविताकृतिलाई खण्डकाव्यका रुपमा अध्ययन विश्लेषण गर्ने परम्परा नेपाली समालोचनामा पनि चलेको छ । सोही आधारमा पापिनी आमा काव्यको अध्ययन विश्लेषण गर्दा उक्त काव्य नारीको मातृत्व शक्तिजन्य कथावस्तु, तदनुकूलको पात्र र परिवेशको चित्रण भएको, करूण रसकेन्द्री, लोकलययुक्त, ८५ श्लोकको मझौला आयाम भएको, प्रभावकारी भाषाशैलीद्वारा मातृत्व शक्ति सर्वोच्च हुने सन्देश सम्प्रेषण गर्न सफल मझौला आकारको प्रबन्धकाव्यको पूर्वोक्त सैद्धान्तिक अपेक्षाअनुकूलको खण्डकाव्यकृतिका रुपमा पाइएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : खण्डकाव्य, प्रबन्धकाव्य एकदेशीयता, आख्यानात्मक गाम्भीर्य, व्यञ्जना, घनीभूत, त्रासदीपूर्ण

## विषयपरिचय

नेपाली काव्यपरम्परामा प्रबन्धकाव्यको मझौला आयामका रूपमा स्थापित 'खण्डकाव्य' जीवनानुभवको एकदेशीय प्रस्तुतीकरणमा आधारित कविता उपविधा हो । यसले न त महाकाव्यजस्तो विराटता बोकेको हुन्छ, न त यो फुटकर कविताजस्तो लघु संरचनामा संरचित हुन्छ । बरु यसले त विषयवस्तुको गहनता, आख्यानात्मकता र भावात्मक एकतामार्फत कवितात्मक गाम्भीर्य प्रकट गर्दछ । यसमा जीवनको कुनै विशिष्ट घटना वा अवस्थालाई केन्द्रमा राखेर पात्र, परिवेश, रस, लय र भाषिक कलालाई सन्तुलित रूपमा विन्यस्त गरिन्छ । पूर्वीय काव्यशास्त्रका आचार्य विश्वनाथद्वारा प्रतिपादित "काव्यको एकदेशको प्रस्तुति" (विश्वनाथ, साहित्यदर्पण, पृ.२२६) भन्ने परिभाषाले खण्डकाव्यको मूल संरचना स्पष्ट पार्छ । यसै आधारमा नेपाली काव्यपरम्परामा पनि खण्डकाव्यको वैचारिक र कलात्मक अध्ययनको परम्परा विकसित हुँदै आएको छ ।

यस सन्दर्भमा माधव घिमिरेद्वारा सृजित 'पापिनी आमा' काव्य एक महत्वपूर्ण कृति हो। मातृत्व, सामाजिक मूल्यमान्यता, स्त्री अनुभव, वैध/अवैधताको सामाजिक परिभाषा र मानवीय संवेदनाको जटिल द्वन्द्व यस काव्यको केन्द्रीय विषय हो । विषयवस्तुको एकदेशीयता, कथात्मक प्रवाह, करुण रसको प्रधानता, लोकधर्मी लयात्मकता, प्रतीकात्मक भाषाशैली र मझौला आयामको संरचना आदि कारणले यो काव्य खण्डकाव्यको सिद्धान्तगत अपेक्षासँग मेल खान्छ । यसैले प्रस्तुत अनुसन्धानात्मक अध्ययनले 'पापिनी आमा' लाई खण्डकाव्यका प्रमुख तत्वहरू–आख्यान संरचना, रस-भाव विधान, वैचारिक सन्देश, लय र भाषाशैलीका आधारमा विश्लेषण गर्दै यसको खण्डकाव्यत्वलाई प्रमाणित गर्ने उद्देश्य राखेको छ ।

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीका रूपमा माधव घिमिरेद्वारा लिखित पापिनी आमा काव्यलाई लिएको छ । यस अध्ययनको द्वितीयक सामग्रीका रूपमा पूर्वीय साहित्यशास्त्र ( संस्कृत र नेपाली ) मा प्रचलित खण्डकाव्य सिद्धान्तलाई उपयोग गरिएको छ । साथै पापिनी आमा काव्यका बारेमा भएका अध्ययन अनुसन्धान एवं समालोचना आदिलाई पनि उपयोग गरिएको छ । समस्या समाधानको निष्कर्षसम्म पुग्न मूलतः पाठ विश्लेषण पद्धतिको उपयोग गरी खण्डकाव्य सिद्धान्तअनुसारका आधारभूत काव्यतत्त्वहरूको सापेक्षतामा पापिनी आमा काव्यको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**विश्लेषणको सैद्धान्तिक ढाँचा**

वाङ्मयका विभिन्न भेद हुन्छन् । जसमध्ये कला एउटा भेद हो । कलाका पनि विभिन्न भेद छन् । साहित्य कलाका तिनै भेदमध्ये एउटा हो (सिग्देल, २०५८, पृ.१५) । साहित्यभित्र विविध विधाहरू छन् । जसमध्ये कविता प्राचीनतम र मौलिक विधाका रूपमा चिनिन्छ । मानवीय अनुभूतिलाई लयात्मक अभिव्यक्ति गर्दा कविता जन्मिन्छ । कविताका स्वरूपहरूलाई विषयवस्तु र प्रस्तुतिको फैलावटअनुसार लघु, मध्यम र बृहत् गरी तीनवटा प्रमुख प्रकारमा वर्गीकृत गर्न सकिन्छ । मुक्तक, हाइकु, गजल र गीतजस्ता रचनाहरू लघु श्रेणीमा पर्दछन् । रामायण, महाभारत, इलियड, ओडिसीजस्ता विशाल आख्यानयुक्त काव्यहरू बृहत् रूपअन्तर्गत पर्छन् । यसैबीच, खण्डकाव्य, लामो कविता, शोककाव्य, कोषकाव्यजस्ता सृजनाहरू चाहिँ मझौला आयामको कवितात्मक उपविधा हो ।

खण्डकाव्य महाकाव्यभन्दा सङ्क्षिप्त र सीमित भए पनि सामान्य कविता वा फुटकर कविताभन्दा बढी विकसित र आख्यानात्मक पक्षले सम्पन्न हुन्छ। जब कवितामा भावको विस्तार र कथा तत्वको प्रवेश हुन्छ अनि त्यो काव्य खण्डकाव्यको स्वरूपमा विकसित हुन्छ ( खत्री, २०६७, पृ.४९) । त्यसैले यसलाई प्रबन्धकाव्यको एउटा विशिष्ट उपविधाका रूपमा चिनाइएको हो ।

खण्डकाव्यसम्बन्धी चिन्तनको ऐतिहासिक पृष्ठभूमिमा हेर्दा पूर्वीय काव्यशास्त्रमा यसको स्वतन्त्र स्वरूपमा विशेष चिन्तन गरिएको पाइँदैन । त्यसो भए पनि कविता वर्गीकरणको प्रयास छैटौँ शताब्दीका भामहदेखि आरम्भ भई चौधौँ शताब्दीका आचार्य विश्वनाथसम्म आइपुग्दा खण्डकाव्यलाई कविताको मझ्यौला आयामका रूपमा चिनाइएको पाइन्छ (खत्री, २०६७, ३४-३९) । सर्वप्रथम १४ औं शताब्दीका आचार्य विश्वनाथले खण्डकाव्य शब्दको प्रयोग गरी खण्डकाव्यलाई प्रबन्धकाव्यको एक उपश्रेणीका रूपमा स्पष्ट रूपमा चिनाएका हुन् । उनले साहित्यदर्पणमार्फत महाकाव्य, काव्य, खण्डकाव्य र कोषकाव्य जस्ता चारवटा उपभेद उल्लेख गरेका छन् (अवस्थी, २०५६, पृ.८०) । यसै क्रममा उनले खण्डकाव्यको परिभाषा यसरी दिएका छन् :

"खण्डकाव्यम् भवेत्
काव्यैकदेशानुसारिच"अर्थात्
"काव्यको एकदेशको अनुशरण गर्ने खण्डकाव्य हो । " (विश्वनाथ, २०१३, पृ.२२६)

यहाँ 'एकदेश' भन्नाले जीवन वा समाजको कुनै एक पक्ष वा घटनालाई साङ्केतिक ढङ्गले चित्रण गरिएको रचना बुझिन्छ (खत्री, २०६७, पृ.२९) । यस्ता रचनाहरूमा परिवेश, पात्र र घटनाको आकार सीमित हुन्छ । त्यसैले खण्डकाव्यले व्यापकता होइन, गहिराइमा केन्द्रित रहेर विशिष्ट भावको चित्रण गर्छ ।

विश्वनाथले प्रयोग गरेका 'काव्य' र 'एकदेश' जस्ता शब्दहरूको पूर्ण बोध गर्न उनका काव्यसम्बन्धी अन्य व्याख्याहरू पनि हेर्न आवश्यक हुन्छ । उनले संस्कृत वा प्राकृत भाषाका नियमअनुसार लेखिएका, सर्गयुक्त वा सर्गरहित रचनालाई 'काव्य' भनेका छन्, जसले एकै विषयको समन्वित प्रस्तुति दिन्छ । त्यसै काव्यको एक अंशलाई विशेष ढङ्गले प्रस्तुत गर्ने विधा नै खण्डकाव्य हो । यद्यपि,विश्वनाथभन्दा अघिका आचार्यहरू–रुद्रट र आनन्दवर्धनले पनि 'लघुकाव्य' वा 'खण्डकथा'जस्ता अवधारणाको प्रयोग गरेका छन्, तर 'खण्डकाव्य' भन्ने पदावली प्रयोग गरेर पृथक उपविधाका रूपमा व्याख्या गरेका छैनन् । अर्कोतर्फ, पाश्चात्य साहित्यमा 'Narrative Poetry' 'Elegy', 'Long Poem', 'Metrical Romance' आदि कविता प्रकारहरू भेटिन्छन् । यी कवितात्मक उपविधाहरू पूर्वको खण्डकाव्यसँग तुलनायोग्य देखिए तापनि त्यसैको प्रतिरूप होइनन् (खत्री, २०६७, पृ.४९-५२) । यस अर्थमा खण्डकाव्यलाई पूर्वीय साहित्यिक चेतनाको मौलिक संरचनागत योगदान मान्न सकिन्छ ।

आधुनिक साहित्यचिन्तकहरूले आचार्य विश्वनाथको व्याख्यालाई आधार बनाउँदै खण्डकाव्यको स्वरूपलाई नयाँ सन्दर्भमा विस्तार गरेका छन् । नेपाली साहित्यका चिन्तक वासुदेव त्रिपाठीले यस बारेमा गहन विचार व्यक्त गरेका छन् ।

उनका अनुसार :"खण्डकाव्य भनेको कविता विधाको यस्तो मध्यम आकारको उपविधा हो, जसले कुनै आख्यानमार्फत् अथवा आख्यानविना नै जीवनको एक अंशलाई बद्ध वा मुक्त लयमा भाषिक संरचनाबाट अनुशासित रूपमा व्यक्त गर्छ" (त्रिपाठी, २०४८, पृ.२९३) । यस्तै, नेपाली साहित्यका अर्का उल्लेख्य चिन्तक केशवप्रसाद उपाध्यायले पनि खण्डकाव्यको विश्वनाथीय परिभाषालाई थप खुलस्त पारेका छन् । उनले खण्डकाव्यको स्वरूपको व्याख्या गर्दै यसमा एउटै कालखण्ड, एउटै पात्र, एउटै घटना र एउटै प्रभावको समन्वित उपस्थितिको अपेक्षा गरेका छन् । उनका अनुसार खण्डकाव्यमा एक रसको प्रधानता रहन्छ र एउटै छन्दमा समस्त अनुभूतिको व्यञ्जना गरिनु उपयुक्त हुन्छ (उपाध्याय, २०४९, पृ.१२१) । यसरी खण्डकाव्यसम्बन्धी यी चिन्तनहरूलाई हेर्दा यसो भन्न सकिन्छ- खण्डकाव्य यस्तो काव्यरूप हो जसले जीवनको कुनै विशेष अंश वा क्षणको घटनासन्दर्भलाई लयात्मक तरिकाले अभिव्यक्त गर्दछ । यसमा कथात्मक एक देशीयता, विषयगत एकता, भावात्मक गहिराइ, एक रस केन्द्रीयता र

कलात्मक पूर्णता सँगसँगै पाइन्छन् । यो सर्ग र सन्धिको कठोर बन्धनबाट स्वतन्त्र प्रबन्धकाव्यको आधुनिक रूप हो । यसरी खण्डकाव्य साहित्यिक सिर्जनामा एक गहन, संवेदनशील र विवेचनशील कविताको मझौला आयामको रूपमा परिचित हुँदै आएको छ ।

खण्डकाव्य प्रबन्धकाव्यको एउटा विशिष्ट भेद हो । यसमा कविताको लयात्मक सौन्दर्य र प्रबन्धकाव्यको आख्यानात्मक गाम्भीर्य दुवै समाहित हुन्छन् । त्यसैले यस प्रकारको काव्य सिर्जनामा विभिन्न तत्त्वहरूको सन्तुलित समावेश अनिवार्य हुन्छ । खण्डकाव्यका प्रमुख तत्त्वहरूलाई निम्न शीर्षकमा देखाउन सकिन्छ :

**आख्यान संरचना**

खण्डकाव्यको मूल आधार आख्यान हुन्छ । यसमा कथावस्तु, पात्र र परिवेशको त्रिकोणात्मक संयोजनमार्फत जीवनको कुनै विशेष खण्डलाई कलात्मक रूपमा उजागर गरिन्छ (खत्री, २०६७, प.५३-५४ ) । यसको कथा प्रसिद्ध, उत्पाद्य वा मिश्रित जुनसुकै स्रोतबाट लिइएको भए पनि त्यसमा एक देशीयता वा जीवन जगत्को एक सन्दर्भ विशेषको सिर्जनात्मक रूपान्तरण हुन आवश्यक हुन्छ, जसले विशिष्ट प्रभाव छाड्न सकोस् । पात्रहरू सङ्ख्यात्मक रूपमा सीमित र गहिरा हुनुपर्छ । ती पात्रहरूले कथावस्तुको मर्मलाई जीवन्त बनाउन सक्ने हुनुपर्छ । परिवेश पनि कथाको प्रसङ्गअनुकूल र जीवनको एकदेशीय स्वरूप झल्काउने सीमित तर प्रभावकारी किसिमको हुनु अपेक्षित छ ।

**वैचारिक सन्देश**

खण्डकाव्यले प्रस्तुत गर्ने वैचारिक सन्देश विषय र प्रसङ्गअनुसार जीवनको कुनै यथार्थ पक्षसँग गाँसिएको हुनुपर्छ । त्यस्तो वैचारिक सन्देश जीवन जगतको अनुभूतिको एउटा मेसोसँग सम्बन्धित हुनु अपेक्षित छ (खत्री, २०६७, पृ.६०) । यसले पाठकलाई भावनात्मक मात्र होइन, बौद्धिक तहमा पनि असर पार्ने गहिराइ बोकेको हुनुपर्छ । विचारले सिर्जनामा उद्देश्य र दिशा दिन्छ, जसले खण्डकाव्यलाई सामान्य भावुक कविता होइन, विचारोत्तेजक काव्यात्मक आख्यान बनाउँछ ।

**रसभाव विधान**

खण्डकाव्यमा विभिन्न रसहरूको अनुभूति हुने भए पनि केन्द्रीय रूपमा चाहिँ एकरस नै अङ्गीरस हुनु वाञ्छनीय ठानिएको पाइन्छ । त्यसो हुँदा खण्डकाव्यमा एक केन्द्रीय रसको प्रधानता हुन्छ । करुण, शृङ्गार वा अन्य रसहरू त्यसको पूरकको रूपमा उपस्थित हुन्छन् । यसले सम्पूर्ण रचनालाई भावनात्मक एकता दिन्छ र रसानुभूतिको गहिरो प्रभाव सिर्जना गर्छ (उपाध्याय, २०४९, पृ.१२१) । रस र भावको योजनाबद्ध उपयोगले पाठकलाई कथा र पात्रहरूसँग आत्मीय सम्बन्ध स्थापित गराउँछ ।

**लयविधान**

खण्डकाव्य कवितात्मक उपविधा भएकाले लय अनिवार्य मानिन्छ । खण्डकाव्यको लय श्रुतिमधुर र विषय अनुकूलको सान्दर्भिक खालको हुनु आवश्यक छ । कतिपय सन्दर्भमा मुक्त लयात्मक वा गद्य खण्डकाव्य पनि रचेको पाइन्छ ।

त्यसमा पनि अन्तरलय भने हुनु आवश्यक छँदैछ । तर जुनसुकै लय प्रयोग गरिए पनि त्यसले कलात्मकता, भावको प्रवाह र प्रस्तुतीकरणमा सङ्गीतात्मकता ल्याउनु आवश्यक हुन्छ । लयको यथोचित प्रयोगले कथाको गतिशीलता बढाउँछ। खासमा खण्डकाव्य एकलयात्मक हुनु बढी औचित्यपूर्ण छ (खत्री, २०६७, पृ.५५) । यसको विषयवस्तुको सन्दर्भ घटनाको एकदेशीयता र एकरस केन्द्रीयता समेतलाई दृष्टि गर्दा यो तथ्य बढी सान्दर्भिक हुन्छ ।

**मझौला आयाम**

खण्डकाव्य न त लघु कविता हो न त दीर्घ महाकाव्य । यो मझौला संरचना बोकेको माध्यम हो, जसले जीवनको कुनै एक सशक्त क्षण, घटना वा अवस्था समेट्छ । खण्डकाव्यको यो मझौलोपन नै यसको मौलिक विशेषता हो । यसले त्यसलाई सरल पनि बनाउँछ र गहिरो पनि । ५० श्लोकभन्दा माथि सय श्लोक भन्दा तलको खण्डकाव्यलाई कृषकाय अनि १०० देखि ४९९ श्लोकसम्मको खण्डकाव्यलाई मध्यम काय र ५०० देखि माथि श्लोक भएको खण्डकाव्यलाई बृहतकाय भन्ने वर्गीकरण पनि पाइन्छ (अवस्थी, २०६४, पृ.५१) । आकारका दृष्टिले १०० देखि ४९९ भित्रै श्लोक सङ्ख्याको खण्डकाव्यलाई उपयुक्त मान्न सकिन्छ । खण्डकाव्यलाई धेरै सर्गहरूमा विभाजन गर्नु पनि उपयुक्त हुँदैन ।

**भाषाशैली**

खण्डकाव्यको भाषाशैली कलात्मक, विम्बात्मक र सजीव हुनु अत्यन्त आवश्यक हुन्छ । सरल, सरस तर गहिरो प्रभाव पार्ने भाषाको प्रयोग, भावानुकूल प्रतीक र विम्बको संयोजन, सन्दर्भअनुकूल अलङ्कारको सन्तुलित प्रयोग

खण्डकाव्यलाई काव्यिक गहिराइ दिन्छ । साथै कविप्रवृत्तिअनुसार यसमा 'कविप्रौढोक्ति' (कविको अनुभूतिमा आधारित उच्चकोटिको उक्ति),'कविनिबद्धवक्तृप्रौढोक्ति' वा मिश्रित शैली (कविप्रढौक्ति र कविनिबद्धवक्तृप्रौढोक्तिको मिश्रित अवस्था) को प्रयोग हुन सक्छ (त्रिपाठी, २०६४,पृ. ५७) । द्वन्द्वको उचित संयोजन, माधुर्य एवं प्रसाद गुणको प्रयोग हुनु पनि अपेक्षित छ ।

यसरी निष्कर्षतः खण्डकाव्य एक यस्तो कविता उपविधा हो, जसले कविता र आख्यानबीचको सशक्त सन्धि गर्दछ । यसमा जीवनको कुनै विशेष पक्षलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको हुन्छ जहाँ विचार, भावना, कथा, पात्र, लय, भाषाशैली र विम्ब (चित्रात्मक भाषा (गौतम, २०६०,पृ.१) हरूको समुचित संयोजनले एउटा गहिरो प्रभाव पार्ने सम्पूर्ण काव्य सृजना हुन्छ । त्यसैले खण्डकाव्य सिर्जनामा उपर्युक्त तत्त्वहरूको सन्तुलित प्रयोग अपरिहार्य मानिन्छ ।

**विमर्श र निष्कर्ष**

'पापिनी आमा' माधव घिमिरेको २०१३ सालमा लेखिएको काव्यकृति हो । यसमा एउटी आमाले समाजका नजरमा अवैध देखिने आफ्नो सन्तानलाई समाजको डरले मसानघाटमा जिउँदै गाड्न लागेको कारणिक घटनाको विषयवस्तु छ । जीवनजगत् भोग्ने र अनुभूत गर्ने क्रममा मानवमा हुने यौनाकाङ्क्षा र त्यसबाट सिर्जित भएको समस्यालाई विषयवस्तु बनाइएको यो काव्य आख्यान संरचनालगायत वैचारिक सन्देश, मझौला आयाम, भाषाशैली, रसभावविधान र लय विधान जस्ता तत्त्वहरूका आलोकमा खण्डकाव्यको सैद्धान्तिक अपेक्षामा के कस्तो छ भन्ने अध्ययन विश्लेषण यहाँ गरिएको छ ।

**आख्यानसंरचना**

पापिनी आमा काव्यको आख्यानसंरचनाअन्तर्गत पर्ने कथावस्तु, पात्र र परिवेश विधानको विश्लेषण तल क्रमश गरिएको छ :

**क. कथावस्तुविधान**

'पापिनी आमा' खण्डकाव्यको कथावस्तु नेपाली समाजको कठोर र परम्परागत सोचाइबीच एउटी बाइस वर्षीया विधवा युवतीको यौनिक अनुभूति, सामाजिक प्रताडना र मातृत्वका उत्कट भावनाको सङ्घर्षमा आधारित छ । बाल्यकालमै विधवा भएकी ती युवती वर्षौंदेखि आत्मसंयममा बाँधिएकी हुन्छिन् । वसन्त ऋतुको एक साँझ पल्लो घरका नवदम्पतीको रतिक्रीडाले उनका चेतनामा गहिरो तरङ्ग ल्याउँछ । अन्ततः आफूमा उम्लिरहेको यौनिक आवेग थाम्न नसकी समाजले 'पाप' भन्ने एक कार्यमार्फत गर्भवती हुन्छिन् । त्यो गर्भ छिप्पिँदै जान्छ र एक आँधीबेहरीले त्रासमय भएको रातमा ती युवतीले एक नवजात शिशु जन्माउँछिन् ।

सन्तान जन्मेको हर्षभन्दा पनि बढ्ता उनमा समाजको त्रास व्याप्त हुन्छ । जसले गर्दा ती युवती समाजको लाञ्छनाबाट बच्न नवजात शिशुलाई मसानघाटमा गाड्न निस्कन्छिन् । मसानघाट अत्यन्त भयावह वातावरण हुन्छ। अन्धकारमय त्यस रातमा प्रेत, भूत, चिहानको एकातिर डर छ भने अर्कातिर आफ्नो सन्तानलाई कसरी विसर्जन गरूँ भन्ने अन्तरद्वन्दमा आमा परिरहेकै बेला प्रकृतिले पनि "शिशुलाई नमार ।" भनेझैँ गरी रौद्र रूप देखाएको हुन्छ । तीव्र द्वन्द्वमा परेकी युवती द्विविधामा परी चिहान नजिक घोप्टिन्छिन् तर मातृत्वको तागतले उनलाई त्यहीँबाट उठाउँछ । त्यसै क्षण उनलाई अनुभूति हुन्छ- समाजको क्रूर आँखाले मलाई चिरेर हेर्छ तर यो शिशु मेरो हो, म यसलाई मसानघाटमा गाड्दिनँ बरु जीवन दिन्छु भन्ने आँट पलाउँछ । ती युवती आफ्नो सन्तानलाई च्यापेर मसानघाटबाट समाजतर्फ फर्किन्छिन् । उनी आँधी र अन्धकार चिर्दै समाजको लाञ्छनालाई चुनौती दिन्छिन् । प्रकृति पनि शान्त बन्छ । वर्षा थामिन्छ, आकाश उज्यालो हुन्छ र बिहानको प्रथम किरणसँगै खण्डकाव्यको अन्त्य हुन्छ । यसरी कथावस्तु त्रासदीको सिमानाबाट उम्किँदै एउटा जीवनमय विजयमा रूपान्तरित भएको छ । जुन जीवनजगत् भोग्दै जाँदा आइपर्ने समस्याको एक पक्ष वा सन्दर्भ जनाउने खण्डकाव्यको सैद्धान्तिक अपेक्षाका दृष्टिले उपयुक्त किसिमको कथावस्तु हो भन्ने देखिन्छ ।

**ख. पात्रविधान**

पात्र विधानका दृष्टिले हेर्दा पापिनी आमा काव्यमा पात्रहरूको सङ्ख्या धेरै छैन । यस काव्यको मूल पात्र विधवा युवती हुन् । उनी बालविवाह, वैधव्य, शारीरिक र सामाजिक लाञ्छनाबिच मानसिक द्वन्द्वमा परेकी छन् ।

बाइस वर्षकी ती युवती हिन्दु परम्परासँग गाँसिएको परिवारकी हुन् जसले आफ्नो वैध जीवनमा एक अवैध सन्तानका साथ बिताउनु परेको छ । आफ्नै संवेदनशीलता र जैविक आवश्यकताको कारण कसैको बाहुपाशमा बाँधिएकी उनी जब आमा बन्न पुग्छिन् त्यही समाजले उनलाई 'पापिनी' को संज्ञा दिन्छ । शिशुलाई लुकाएर मसानघाटमा गाड्ने कोशिस गर्दा पनि अन्ततः उनले मातृत्वको सच्चा रूप प्रस्तुत गर्दै छातीमा टाँसेर उसको सुरक्षा गर्छिन् । उनी त्यस्ती प्रतिनिधि पात्र हुन् कि सबै नेपाली विधवाहरूको जो स्वाभाविक संवेदनशीलता देखाउँदा पनि कठोर सामाजिक नियमका कारण अपराधी ठहरिन्छन् । उनी विद्रोही छिन्, साहसी छिन् र अनुकूल परिस्थितिमा पनि आफ्ना असल भावना गुमाउँदिनन्। यही विशेषताले उनलाई खण्डकाव्यको केन्द्रमा उभ्याएको छ ।

युवतीको वरिपरि अन्य गौण पात्रहरू छन् जसले कथाको संरचना निर्माणमा सहयोग गरेका छन् । नवजात शिशु एक क्रियाशील पात्र होइन तर कथाको भावनात्मक र मूल्यगत केन्द्रबिन्दु बनेको छ । उसलाई अवैध सम्बन्धको फल भनेर समाजले हेरे पनि पाठकका लागि ऊ वात्सल्य र करुणाको मूर्त रूप बनेको छ । त्यसैगरी पल्लो घरका बैँसालु जोडी जो कामक्रीडामा रमाइरहेका देखिन्छन् । तिनले युवतीको इच्छामा आगो थप्ने काम गरेका छन् । उनीहरूको भूमिकाले नै खण्डकाव्यमा घटनाको सिलसिला सुरु गराउँछ । त्यस्तै एक अनुमानित पात्र धोकेबाज युवक प्रत्यक्ष देखिँदैन तर युवतीलाई गर्भवती बनाउने र त्यसपछि बेपत्ता हुने पुरुष चरित्रका प्रतीकस्वरूप देखापर्छ । उनले समाजका स्वार्थी र जिम्मेवारीबाट भाग्ने पुरुषहरूको प्रतिनिधित्व गर्छन् । त्यसैगरी खण्डकाव्यमा मसानघाटको चित्रणसँगै देखिएका प्रेतहरू प्रतीकात्मक पात्रका रूपमा छन् । बालप्रेत, दिदीप्रेत, प्रियारूपी प्रेत जस्ता पात्रहरू अधुरो इच्छाका प्रतीक हुन्, जसले नायिकाको अन्तरात्मालाई झक्झक्याउँछन् र मातृत्वप्रेमलाई थप सजीव बनाउँछन् । यी पात्रहरू कविको मनोवैज्ञानिक कौशलबाट उत्पन्न छन्, जो  जीवनको आकाङ्क्षा र अपूरणीय पीडाका चित्र हुन् । यसरी पापिनी आमा खण्डकाव्यको पात्रविधान मूलतः एक नारीको अन्तर्द्वन्द्व, सामाजिक संरचनाको निर्ममता, मातृत्वप्रेम र नैतिकताको टकरावलाई उजागर गर्ने माध्यम बनेका छन् । पात्रहरूको सङ्ख्या सीमित भए पनि तिनीहरूको भूमिकामा रहेको प्रभाव, प्रतीकात्मकता र सामाजिक गहिराइले काव्यलाई उत्कृष्ट चरित्रचित्रणयुक्त खण्डकाव्य बनाएको छ । यो पात्रविधान खण्डकाव्यको आख्यान संरचनाको अपेक्षा अनुकूल सङ्क्षिप्त किसिमकै देखिएको छ ।

**ग. परिवेशविधान**

पापिनी आमा खण्डकाव्यको परिवेशविधान सामाजिक यथार्थ, सांस्कृतिक जटिलता, प्राकृतिक रहस्य र स्थानिक सङ्केतहरूको समिश्रण हो । काव्यमा वर्णित प्रमुख स्थलहरू विधवा युवतीको घर, मसानघाटतर्फ जानुपर्ने बाटो, त्यसबीचको वनजङ्गल र अन्ततः विष्णुमति नदी र भाचाकोसीको सङ्गममा रहेको कर्बिर मसानघाट एकप्रकारले काठमाडौँ उपत्यकाको पश्चिमउत्तर क्षेत्रमा पर्ने भयावह परिवेशका सङ्केत हुन् । यद्यपि काव्यको संशोधित संस्करणमा यी स्थलहरूको प्रत्यक्ष उल्लेख हटाइएको छ, पुरानो संस्करणमा भेटिने “भाचाकोसीको चिहान“ र “विष्णुमतिको लहर“ जस्ता पदावलीहरूले यिनको भौगोलिक पृष्ठभूमि प्रष्ट पार्छन् ।  यी स्थलहरू केवल घटनास्थल मात्र नभई पात्रको मानसिक त्रास, लाज, पीडा र सामाजिक घृणाको मूर्त रूप बनेका छन् । मसानघाटको चित्रणमा प्रेतात्मा, हाडको बाजा र चिहानबाट उठ्ने आकृतिहरूले एक त्रासदीपूर्ण दृश्य रच्दछ, जसले काव्यको संवेदनशीलता झन् घनीभूत बनाउँछ ।

खण्डकाव्यको कालिक परिवेश बहिरङ्ग रूपमा एउटै रातमा केन्द्रित भए पनि यसको भित्री घटनाक्रम डेढ वर्षको समयावधिमा फैलिएको छ । वैशाख महिनाको वसन्त ऋतुमा युवतीले बैँसालु जोडी देखेपछि मनमा यौनाभिलाषा जागेको र त्यसको फलस्वरूप अर्को वर्षको वर्षा ऋतुमा उसले बालक जन्माएको घटनाक्रमले समयको विस्तार देखाउँछ । ऐतिहासिक कालखण्डको स्पष्ट सङ्केत काव्यमा छैन ।  यसले समेटेको विषयवस्तु- विधवामाथिको सामाजिक अत्याचार समयभन्दा परको सार्वकालिक पीडा हो । त्यही पीडा युवतीको मानसिक द्वन्द्व, अपराधबोध र समाजप्रतिको डरमा प्रकट हुन्छ, जसको चरम बिन्दु ऊ मसानघाट पुगेको रातमा देखिन्छ ।

सामाजिक-सांस्कृतिक परिवेशको दृष्टिले खण्डकाव्यले पुरुषप्रधान, कठोर र असहिष्णु नेपाली समाजलाई उजागर गर्छ । बाल्यकालमै विवाह गरिने, विधवाको पुनर्विवाह निषेध गरिने र यौनवासनालाई दबाएर समाजको इज्जतका नाममा मातृत्वको अधिकारसमेत कुण्ठित गरिने परिवेश यहाँ स्पष्ट छ । समाजले युवतीलाई पापिनीको रूपमा हेर्ने दृष्टिकोणले गर्दा उसले सन्तानलाई मसानघाटमा गाड्ने निर्णय गर्नुपरेको हो । त्यही निर्णयको क्षणमा प्रकृति पनि क्रुद्ध बनेर गर्जन्छ । आँधी, बादल, बिजुली र बाढीले सहानुभूतिशील शक्तिको भूमिका खेल्छन् ।  जब युवतीको हृदयले बालकलाई मार्न अस्वीकार गर्छ, प्रकृति पनि शान्त, उज्यालो र कोमल हुन्छ । यसरी काव्यले

प्रकृतिलाई पात्रका भावनासँग एकाकार पार्दै कहिले मानवीकरण त कहिले मानवको प्रकृतिकरण गरेर गहिरो मनोवैज्ञानिक प्रभाव सिर्जना गरेको छ । यही संयोजनले पापिनी आमाको परिवेशलाई केवल पृष्ठभूमि होइन, सक्रिय संवेदनात्मक चरित्रको रूपमा उभ्याएको छ । यस किसिमको परिवेश चित्रण घटना सापेक्ष र जीवन जगत्को एक सन्दर्भ विशेषको घटनाक्रमलाई सुहाउने खालकै देखापर्छ ।

**वैचारिक सन्देश**

'पापिनी आमा' खण्डकाव्यको वैचारिक सन्देशतर्फ दृष्टि दिँदा यसको मूल सन्देश सामाजिक विद्रोह, मातृत्वको सम्मान र मानवीय मूल्यको संरक्षणमा केन्द्रित देखिन्छ । परम्परागत नेपाली समाजका रूढिग्रस्त अभ्यासहरू–जस्तै :- बालविवाह, अनमेलविवाह, विधवाको अपमानजन्य अवस्था जस्ता पक्षहरू यस काव्यमा आलोचित छन् । कम उमेरमा विवाह भई बैंसमा पुग्दासम्म विधवा भएकी एक युवतीको जीवनद्वारा समाजमा गहिरिएर बसेको विधवाप्रतिको अमानवीय दृष्टिकोण र सामाजिक दण्डको यथार्थ चित्रण गरिएको छ । यौवनावस्थाको स्वाभाविक शारीरिक-मनोवैज्ञानिक आवश्यकता बुझ्न नसक्ने समाजले उसलाई 'पापिनी'को संज्ञा दिएको छ । कविले भने एक युवतीले मातृत्वको भावनासँगै समाजका अनुचित मूल्यहरूमाथि प्रश्न उठाएर आफ्नै शिशुको रक्षा गर्ने निर्णय लिएको देखाई यही घटनाक्रममा सृजनात्मकता र मातृत्वशक्तिलाई समाजिक मूल्यको सर्वोच्चताको रूपमा चित्रित गरेका छन् । कविको विचारमा सन्तान चाहे वैध होस् वा सामाजिक रूपमा 'अवैध' ठहरिएको किन नहोस्, त्यो आमाको सृजनाको प्रतिफल हो । त्यसलाई लाजको कारण गाड्न खोज्नु, त्याग्नु वा मार्नु मानवीयताविरुद्धको अपराध हो । समाजले विधवा महिलाको जैविक आवश्यकता, यौनिकता र मातृत्व भावनालाई नकार्दा उनीहरूको जीवन पीडादायी बन्ने कुरा यस खण्डकाव्यमा तीतो यथार्थका रूपमा प्रस्तुत गरिएको छ । यही विषयवस्तुलाई बलियो बनाउँदै कविले स्पष्ट घोषणा गरेका छन् कि -

"सिङ्गै संसार एक शिशुको निम्ति हो, ऊ यसलाई भोग्न आएको हो । यदि भोग्न पाउँदैन भने, उसको अतृप्त आत्माले यसलाई छायाँ भएर घेर्छ । अनि यदि एक शिशु चाहिन्न भने सिङ्गै संसार पनि चाहिन्न", (घिमिरे २०१३, पृ.४९ ) । यस्ता शब्दहरूबाट कविको मानवीय दृष्टिकोण र सन्देश के हो भन्ने स्पष्ट हुन्छ ।

प्रस्तुत काव्यको एक उल्लेख्य भावपूर्ण श्लोकमा आमा पात्र भन्छिन् -

"हृदय सारा सुम्पेर पनि आखिर म हारुँ,<br>
आफूले जन्म दिएर, आफैं बालक म मारुँ ?" (घिमिरे, २०१७ , पृ.४९)

यसका माध्यमबाट आमाको आत्मसङ्घर्ष मात्र होइन, समाजप्रतिको विद्रोह पनि उद्घोष भएको देखिन्छ । त्यसै क्रममा आमाले लिएको निर्णय यस्तो छ:

"उभिएकी छु बालकलाई छातीमा टाँसेर,<br>
कसैको बुता बर्गत भए लैजाओ खोसेर ।" (घिमिरे, २०१७, पृ.५०)

यी पङ्क्तिहरूले एउटा महिलाको मातृत्वबोधले कसरी समाजको साँचो अनुहार उदाङ्ग्याउँछ भन्ने कुरा दर्शाउँछ ।

कविले यसमार्फत् मानवीय आत्मसम्मान, मातृत्व अधिकार र जीवजन्य सृजनाको संरक्षण गर्नुपर्ने आवाज बुलन्द गरेका छन् । यस खण्डकाव्यको वैचारिक सन्देशको अर्को पाटो भनेको प्रकृतिसँग मानवको सम्बन्ध हो । जब मानवले आफ्नो सृजनशक्तिको अपमान गर्छ, निर्दोष जीवनमाथि आक्रमण गर्छ तब प्रकृति स्वयं विद्रोही हुन्छ । यो रहस्यवादी, स्वच्छन्दतावादी दृष्टिकोणले खण्डकाव्यमा एउटा अध्यात्मिक चेतना पनि प्रवाह गरेको छ ।

यिनै विचारहरूलाई पुष्टि गर्दै कविले भनेका छन्

"ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल<br>
सिर्जनाशक्ति संसारमा कैल्यै हुँदैन विफल ।" (घिमिरे, २०१७ , पृ.७४)

यस श्लोकले सृजनात्मकता र मातृत्व सधैँ विजयी हुन्छन् बन्ने सन्देश सम्प्रेषण गरेको छ । साथै समाजका अपमानजनक दृष्टिकोण, निन्दा वा हिंसाले सृजनाशक्तिलाई रोकीराख्न सक्दैनन् भन्ने कुरालाई पनि यसले सङ्केत गरेको छ ।

यसरी यस काव्यको वैचारिक सन्देशमा निष्कर्षतः विधवा महिलाप्रतिको परम्परागत सोचमा परिवर्तन ल्याउँदै उनीहरूको जैविक र मानवीय अधिकारको पक्षमा आवाज उठाएको पाइन्छ । सन्तान चाहे वैध होस् वा अवैध त्यो मातृत्वको उपज हो र उसको अस्तित्वको रक्षा गर्नु नै साँचो मानवता हो भन्ने सन्देशमार्फत कविले नेपाली समाजलाई भावनात्मक, नैतिक र सामाजिक रूपान्तरणका लागि चुनौती दिएका छन् ।

**रसभावविधान**

पापिनी आमा काव्य रसभाव विधानका दृष्टिले उल्लेख्य काव्यकृतिका रूपमा देखिएको छ। यस काव्यमा रति, क्रोध, शोक, घृणा, भय, उत्साह आदि स्थायी भावहरू क्रमानुसार जागृत भएका छन् भने ती भावहरूको आधारमा करुण, शृङ्गार, रौद्र, बीभत्स, भयानक र वीर रसहरूको क्रमशः निर्माण भएको छ। काव्यको प्रारम्भमै शृङ्गार रस युवतीको चेतनामा उद्दीप्त भएर प्रवेश गर्छ जब उसले नवयुवती जोडीको यौन-क्रिया झल्काउने छायाप्रसङ्ग देख्छे। त्यसपछि, गर्भधारणपश्चात् उसमा सिर्जना हुने सामाजिक र पारिवारिक सङ्कटको झल्को दिँदै प्रकृति क्रुद्ध र विक्षिप्त रूपमा प्रस्तुत हुन्छ, जसबाट रौद्र रस प्रकट हुन्छ। विधवा युवतीको मनस्थितिमा जब सामाजिक अपहेलनाको छायाँ गहिरिँदै जान्छ र ऊ शिशु बोकेर मसानतर्फ हिँड्छे, त्यहाँबाट बीभत्स रसको सशक्त उपस्थिति अनुभव गर्न सकिन्छ। युवतीको अन्तर्द्वन्द्व, सामाजिक दबाब, प्रेतात्माहरूको डर र कालो रातको अँध्यारो वातावरणले भयको सृष्टि गर्दछ, जसबाट भयानक रस अभिव्यक्त हुन्छ। मसानघाटको यात्रा र त्यहाँ देखिएका मुर्कट्टा, चिहानबाट उठेका आकृतिहरू र प्रेतबालकहरूको उपस्थिति, यी सबैले काव्यलाई द्रुत गतिमा भयानक अवस्थातर्फ धकेल्छ। तर यस रसको चरम बिन्दुमा पुगिसकेपछि युवती शिशुहत्या गर्नबाट पछाडि हट्छे र अन्ततः समाजसँग टक्कर लिने साहसी कदम उठाउँछे। त्यस क्षणमा वीर रस उदय हुन्छ र मातृत्वको शक्तिले युवतीको निर्णायक परिवर्तन प्रस्तुत गर्छ। यद्यपि वीर रस उदय भएको भए तापनि त्यो करुण रसकै आवलम्ब बनेर देखा पर्छ। किनभने वीर रसको उत्प्रेरक शक्ति पनि अन्ततः मातृत्वबाट जन्मिएको करुणा हो। त्यसैले वीर रस यहाँ अङ्ग रस बनेर करुण रसकै परिपूरक बन्दछ ।

यसरी प्रस्तुत पापिनी आमा काव्यमा करुण रस नै अङ्गी रसको रूपमा देखा पर्छ। प्रारम्भदेखि अन्त्यसम्म शोक स्थायी भाव रूपान्तरण हुँदै विविध रसात्मक संरचनाको सृष्टि गराउँछ। युवतीको सामाजिक पीडा, त्याग, मातृत्व, द्वन्द्व र अन्ततः पुनरुत्थानसम्मको यात्रामा करुण रस निरन्तर बहिरहेको देखिन्छ। विभिन्न रसहरू–शृङ्गार, रौद्र, बीभत्स, भयानक र वीर करुण रसको संवर्धकका रूपमा कार्यरत छन्। विभाव, अनुभाव, सात्विक र सञ्चारी भावहरूको संयोजनले यी रसहरूलाई जीवन्त बनाएको छ। आलम्बन विभावका रूपमा युवती र शिशु, उद्दीपन विभावका रूपमा रात, आँधी, मसान, समाज आदि छन् भने झस्कनु, दौडिनु, चिच्याउनु, रुनु जस्ता अनुभाव र कम्प, अश्रु, स्तम्भ आदि सात्विक भावले रसको संवेदनालाई तीव्र बनाएका छन्। समग्रमा, पापिनी आमा काव्यको रसभावविधान एक गहिरो, बहुआयामिक र सशक्त मनोवैज्ञानिक प्रवाह बनेको देखिन्छ। जसको मूल धारा करुण रस हो र त्यसले पाठकको संवेदनशीलतालाई प्रभावशाली रूपमा स्पर्श गर्दछ। यसप्रकार अभिव्यक्त भएको पापीनी आमा काव्यको करुण रस खण्डकाव्यको एकरसकेन्द्री हुनुपर्ने सिद्धान्तको अनुकूल रहेको देखापर्छ।

**लयविधान**

पापिनी आमा काव्यमा प्रयोग गरिएको लयविधानले यस काव्यलाई विशेष लोक लयको प्रयोग गरिएको विशेष काव्य बनाएको छ। यो काव्य सम्पूर्ण रूपमा बद्धलयात्मक छ र यसमा नेपाली जनजीवनमा प्रसिद्ध असारे लयको उपयोग गरिएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन जस्तै यस काव्यमा पनि लोकगीतजन्य १६ अक्षरको लय संरचना अवलम्बन गरेको देखिन्छ। सामान्यतः ३+२, ३+२, ३+३ अक्षरविन्यासमा दुई पाउबाट बनेको श्लोकमा पाँचौं अक्षरमा यति (विराम) राखिने नियमलाई अनुसरण गरिएको छ। उदाहरणस्वरूप, "मुटुको टुक्रा माटामा लगी गाडेर गड्दैन" र "उघारी धर्ती पछाडि लाग्छ छाडेर छोड्दैन" ( घिमिरे, २०१७ ,पृ.५७) जस्ता पङ्क्तिहरूमा निर्धारित लयको नियमितता स्पष्ट रूपमा देखा पर्छ। कतिपय पङ्क्तिहरू १७ अक्षरको भए पनि लयमा विचलन नआएको देखिन्छ, जसले कविको लयप्रति सजगता र लचकता दुवै देखाउँछ।

प्रस्तुत पापिनी आमा काव्यको लय सौन्दर्यमा अन्त्यानुप्रासीय योजना पनि महत्त्वपूर्ण तत्त्वका रूपमा देखिन्छ। कतै द्विस्वरी (जस्तैः "उडेर" / "अडेर") र कतै त्रिस्वरी (जस्तैः "पीपल" / "विफल") अन्त्यानुप्रास प्रयोग गरेर कविता थप श्रुतिमधुर र गेय बनाइएको छ। यसले खण्डकाव्यको भावप्रवाहलाई मात्र होइन, श्रव्य सौन्दर्यलाई पनि प्रभावकारी बनाएको छ। यतिको व्यवस्था र समाक्षरी पदरचनामा देखिएको सचेतताले गेयता बलियो बनाएको छ, जसले गर्दा पापिनी आमा लय रचना दृष्टिले मुनामदनपछि अत्यन्त प्रभावशाली खण्डकाव्यको रूपमा मानिएको छ (खत्री, २०७२, पृ.९९)। यद्यपि सम्पूर्ण रूपमा गेयगुण सम्पन्न देखिने यो काव्य कतिपय स्थानमा लयभङ्ग र यतिभङ्गका कारण थोरै असहज जस्तो अनुभूति पनि हुन्छ। उदाहरणस्वरूप, "पापिनी पिशाचिनी भै त्यहीँ नरक कुर्द छे" वा "म बसेकी छु सम्झेर यहाँ संसारी मायाँलाई" जस्ता पङ्क्तिहरूमा यति नियमको पालना नगर्दा अर्थ र लयमा केही

गडबडी उत्पन्न भएको देखिन्छ । यस्ता अपवादहरू सीमित मात्रामा भए पनि समग्र काव्यको लय संरचनामा ठूलो अवरोध बनेको देखिँदैन ।

यसरी समग्रमा लय, अनुप्रास, यति र गेयताको समुचित समायोजनले गर्दा पापिनी आमा काव्यको लयविधान प्रभावशाली, सुसङ्गत र सचेत शिल्पयुक्त देखिन्छ । साथै विषयको गाम्भीर्यलाई समेत यसले वहन गर्न सकेको छ ।

**मझौला आयाम**

पापिनी आमा काव्यलाई वि.सं. २०१७ मा राजेश्वरी खण्डकाव्यसँगै समावेश गरेर प्रकाशित गरिएको थियो । यस संस्करणलाई हेर्दा यसको आयाम जम्मा आठ पृष्ठमा सीमित देखिन्छ । काव्यमा दुई हरफका सोह अक्षरे लोकलयमा आधारित कुल त्रियासी श्लोक रहेका छन् । यस संस्करणमा आइपुग्दा दुईवटा श्लोक हटाइएको पाइन्छ (खत्री, २०७२, पृ.१०२) । यदि हटाइएका दुई श्लोक पनि पुनःगणना गर्ने हो भने श्लोक सङ्ख्या ८५ पुग्छ भने पङ्क्ति सङ्ख्या करिब एक सय सत्तरी हुन्छ । विषयवस्तुको दृष्टिले हेर्दा यो न अति सूक्ष्म छ, न अत्यन्त विस्तृत छ । बरु यो मझौला प्रकृतिको आयाम सिर्जित भएको देखिन्छ । विधवा युवतीको समाजविरुद्धको पीडादायक अनुभव, अवैध गर्भधारण र त्यसले निम्त्याएको मानसिक द्वन्द्वलाई केन्द्रीय कथ्य बनाएको यस खण्डकाव्यमा करुण रसको प्रधानता छ भने शृङ्गार रस अङ्गरसको रूपमा प्रकट भएको छ । यस्तो रसानुभूतिको संयोजनले काव्यलाई परिष्कृत शिल्पमा रचिएको स्वच्छन्दतावादी भावनाको प्रभावपूर्ण काव्यकृति बनाएको छ ।

पापिनी आमा काव्यलाई सर्गगत आयामका दृष्टिले पनि हेर्न सकिन्छ । यसअनुसार यो एकसर्गीय काव्यकृति हो भन्ने देखिन्छ । यसमा प्रारम्भतिर आउने दुई हरफका चार श्लोकलाई गुणनचिन्ह (×) द्वारा बाँकी श्लोकहरूसँग छुट्याउने प्रयास गरिएको पाइन्छ । ती आरम्भिक चार श्लोकहरूमा बैंसालु जोडीको यौनसम्बन्धी सङ्केत गरिए पनि ती मात्र सङ्केतात्मक प्रस्तावना जस्ता देखिन्छन् । बाँकी उनासी श्लोकहरूमा विधवा युवतीको अवैध गर्भधारण र त्यसले निम्त्याएको सामाजिक तथा आत्मिक पीडाको मार्मिक वर्णन गरिएको छ । यसरी पहिलो चार श्लोकलाई छुट्टै सर्गको रूपमा लिन सकिने आधार प्रस्ट नभएकोले प्रस्तुत रचना एकसर्गे काव्यकै रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यसलाई काव्यलाई खण्डकाव्यको सैद्धान्तिक मान्यतासँग दाँज्दा सर्गविधानको अनिवार्यता नरहेको (खत्री, २०६७, पृ. १०२) र खण्डकाव्य भन्ने परिचय पाउन पर्याप्त विशेषता भएकाले यो एकसर्गे खण्डकाव्यका रूपमा स्वीकार्य देखिन आउँछ । यसरी पापिनी आमा काव्य आठ पृष्ठ, ८५ श्लोक र एक सर्गको आयाममा संरचित छ । यो आयाम प्रबन्धकाव्यको मझौला किसिमको आयाम हो भन्ने देखिन्छ । यस्तो आयाम भएको पापिनी आमा प्रबन्धकाव्यको खण्डकाव्य भन्ने भेदमा पर्ने दृष्टिगोचर हुन्छ ।

**भाषाशैली**

'पापिनी आमा' काव्यको भाषाशैली प्रयोगलाई गम्भीरतापूर्वक नियाल्दा यसमा प्रयुक्त अलङ्कारिक तत्त्वहरू, शब्दचयन, लय र बोलीबचनको शब्द प्रयोग अत्यन्त सुसम्बद्ध देखिन्छ । कविले अन्त्यानुप्रास र मध्यानुप्रास जस्ता ध्वनिसम्बन्धी शब्दालङ्कारको प्रयोग कुशलतापूर्वक गरेका छन् । यसले कविता सुन्दर र श्रुतिमधुर बनाएको छ । कतिपय पङ्क्तिमा समाक्षरी प्रयोग तथा पङ्क्तिगत अनुप्रासको मेल मिलाउने प्रयत्न पनि पाइन्छ, जसले लयात्मकता र ध्वनिसौन्दर्यमा टेवा दिएको छ ।

यस काव्यमा बाहिरी भाषाबाट आएको आगन्तुक शब्दको प्रयोग न्यूनप्राय: छ । यसले भाषिक आत्मनिर्भरता र स्वदेशीपनतर्फ सङ्केत गर्दछ । तत्सम श्रेणीमा पर्ने 'धर्ती', 'दैत्य', 'ज्योति', 'शिल्पी', 'ध्वनि', 'स्वर्ग', 'सिँह', 'मेघ', 'शिशु' आदि शब्दहरू प्रसङ्गअनुकूल प्रयोग गरिएका छन् । तथापि, समग्र शब्द विन्यासमा तद्भव स्रोतका शब्दहरूको प्रधानता छ, जसले भाषालाई जीवन्त र प्रचलित बनाएको छ ।

कविले जनजीवनमा प्रचलित 'दियालो', 'खप्पर', 'तरुनी', 'तन्नेरी', 'झोक्का', 'मुक्का', 'मुर्कट्टा' जस्ता शब्दहरूलाई भाव-अनुरूप सजीव रूपमा प्रयोग गरेका छन् । यस्ता शब्दहरूको प्रयोगले काव्यलाई सम्प्रेषणीय बनाएको छ । साथसाथै विषयवस्तु र लयसँग पनि भाषाको प्रकृति मेल खाएको देखिन्छ । विशेष उल्लेखनीय पक्ष के छ भने कविता लेखनमा कम प्रयोग गरिने तर बोलीचालीमा गहिरो रूपमा जरा गाडेका शब्दहरू–जस्तै 'क्यै' (केही), 'कैल्यै' (कहिल्यै), 'यै' (यही), 'बेरी' (बेहरी), 'त्यल्लाई' (त्यसलाई)–को प्रयोगले काव्यभाषालाई आत्मीयता र मौलिकता प्रदान गरेको छ ।

त्यस्तै, 'भ्याङ्गाल-झुङ्गुल', 'सन्सनाएर', 'हुन्हुनाएर', 'घुप्लुक्क', 'दर्दर्ती', 'तप्लाक-तुप्लुक' जस्ता अनुकरणात्मक शब्दहरूको सजीव र स्वाभाविक प्रयोगले कविता अझ सजीव र रमणीय बनेको छ । यस्ता ध्वन्यात्मक अभिव्यक्तिहरूले भाषामा संवेगात्मक मार्मिकता थपेका छन् । भाषिक स्पष्टता र सरलता 'पापिनी आमा'को अर्को

बलियो पक्ष हो । कविले कतै पनि क्लिष्ट वा दुर्बोध्य शब्दहरू प्रयोग गरेका छैनन् । अधिकांश स्थानमा लय र भाषा प्रवाहको सन्तुलन प्रशंसायोग्य छ, यद्यपि केही ठाउँ (उदाहरणः "म बसेकी छु..." ५० पङ्क्ति, "उभिएकी छु" ७६ पङ्क्ति) मा लय र प्रवाहमा सानो व्यतिक्रम देखिन्छ । तर यस्ता अपवादहरूले समग्र काव्यको सौन्दर्यमा उल्लेख्य प्रभाव पार्दैनन् । रीतिशास्त्रीय दृष्टिले हेर्दा यस काव्यमा वैदर्भी रीतिको प्रभाव प्रबल छ यसले कोमल, मधुर र कलात्मक अभिव्यक्तिमा सघाएको छ । गुणको विश्लेषण गर्दा यसमा माधुर्य र प्रसादगुणको सुन्दर समन्वय पाइन्छ । यसको भाषा मधुर, स्पष्ट र हृदयग्राही छ । परिणामस्वरूप, 'पापिनी आमा' को भाषा सरस, सरल र श्रुतिमधुर बनेको छ, जुन विषयवस्तु र लयद्वारा मागिएको अभिव्यक्तिसँग पूर्णतः मेल खान्छ ।

त्यसरी नै कथनपद्धतिका हिसाबले यस खण्डकाव्यमा श्लोकहरू मुख्यतः कविकथनकै रूपमा प्रस्तुत छन् । काव्यको सुरुदेखि एकचालीसौँ श्लोकसम्म कविकै स्वरमा कथ्य प्रवाह हुन्छ । त्यसपछि श्लोक ४२ देखि ५० सम्मका श्लोकमा प्रेत पात्रहरूको संवाद प्रस्तुत गरिएको छ । त्यसपछिका ५१ देखि ७२ सम्मका श्लोक पुनः कविकथनमै आधारित छन् । श्लोक ७३ देखि ७६ सम्म विधवा युवती स्वयं बोल्छे र त्यसपछि बाँकी श्लोकहरू फेरि कविकै स्वरमा समाप्त हुन्छन् । यसले देखाउँछ कि खण्डकाव्यमा प्रयोग गरिएको प्रमुख कथनविधि कविप्रौढोक्ति हो, जसमा कतैकतै पात्रको वाणीमार्फत प्रस्तुत वक्तृप्रौढोक्ति पनि मिश्रित गरिएको छ । यस किसिमको कथन पद्धतिले काव्यलाई बढी रोचक र सम्प्रेषणीय बनाएको छ । यो एक किसिमको नाटकीय शैली पनि हो ।

प्रस्तुत 'पापिनी आमा' काव्य काव्यको भाषाशैलीअन्तर्गत बिम्बालङ्कार एवं प्रतीक योजनाको अवस्था पनि हेर्न सकिन्छ । यस दृष्टिले हेर्दा काव्यमा विम्ब, अलङ्कार र प्रतीकको योजना अत्यन्त प्रभावशाली र कलात्मक ढङ्गमा गरिएको पाइन्छ । कविले सामाजिक रूढिहरूको चपेटामा परेकी एक विधवा युवतीको मानसिक र शारीरिक सङ्घर्षलाई गहिरा तथा संवेदनशील विम्बहरूको माध्यमबाट प्रस्तुत गरेका छन् । विशेषतः यौवनमा प्रवेश गरेका युवक-युवतीका आवेग, आकाङ्क्षा र सामाजिक दबाबबिचको द्वन्द्वलाई अत्यन्त जीवन्त विम्बहरूद्वारा उजागर गरिएको छ । कालरात्रि, हुरी, चट्याङ, मसानघाट र प्रेतात्माहरूको प्रयोग गरी कविले समाजको कठोर र क्रूर रूपलाई चित्रित गरेका छन्। त्यही कठोरताले असहाय युवतीलाई आफ्नो सन्तान त्याग्न बाध्य बनाउँछ, जसले 'मुटुको टुक्रा' को हत्या गर्न खोज्ने कारुणिक परिस्थिति सिर्जना गर्छ–यो नै यस खण्डकाव्यको विम्बयोजना को विशिष्टता हो ।

यस खण्डकाव्यमा प्रतीकयोजना पनि सशक्त रूपमा देखिन्छ । काव्यको शीर्षक 'पापिनी आमा' नै समाजको विकृत दृष्टिकोणको प्रतीक हो–जहाँ मातृत्वभन्दा पनि विवाहबाहेकको मातृत्वलाई 'पाप' को रूपमा हेर्ने सोच विद्यमान छ । बैंसालु जोडीहरू सिर्जनात्मक ऊर्जाका प्रतीक हुन्, भने विधवा युवती मातृत्वयुक्त करुणामयी आमाको प्रतीक बनिन्। मसानघाट, प्रेत र प्रकृतिको उग्र रूप जीवनको भय, विडम्बना र सामाजिक असंवेदनशीलताको सङ्केतक प्रतीकहरू हुन् । त्यस्तै, धोकेबाज युवक समाजका यौनलोलुप र गैरजिम्मेवार प्रवृत्तिका प्रतीकस्वरूप प्रस्तुत भएका छन्, जसले संवेदनशील नारी जीवनमाथि चोट पुऱ्याउँछन् ।

खण्डकाव्यमा काव्यात्मक प्रभाव अभिवृद्धि गर्न विविध अर्थालङ्कारहरूको प्रयोग भएको छ । उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, अतिशयोक्ति, स्वभावोक्ति, समासोक्ति, अर्थान्तरन्यास जस्ता अर्थालङ्कारहरू मार्फत कविले दृश्यचित्रणलाई अझ सजीव र संवेदनशील बनाएका छन् ।

यसरी, 'पापिनी आमा' काव्यको भाषाशैली सरल भाषा, माधुर्य गुण, नाटकीय कथन पद्धति एवं कलात्मक विम्बालङ्कार र प्रतीकहरूले युक्त सशक्त भई विषयवस्तुको गहिराइ, भावुकता र सामाजिक चेतनालाई थप प्रभावकारी सम्प्रेषण गर्न सक्षम देखिएको छ । यस किसिमको भाषाशैलीले काव्यलाई कलात्मक, प्रभावशाली र सर्वग्राह्य बनाएको देखिन्छ । जुन प्रबन्धकाव्यको मझौला रूप खण्डकाव्यको अपेक्षा अनुकूल रहेको छ ।

**निष्कर्ष**

पापिनी आमा काव्यका सम्बन्धमा गरिएको उपर्युक्त तत्त्वगत अध्ययनबाट यो काव्य खण्डकाव्यका सैद्धान्तिक मापदण्डहरू अनुरूप निर्मित काव्यकृति हो भन्ने देखिन्छ । खण्डकाव्यका रूपमा जीवनजगत्को एकपक्षीय सत्यलाई प्रधान विषय बनाउने, त्यसैअनुरूप पात्र र परिवेशको चयन गर्ने, एक रसको केन्द्रीयता कायम राख्ने, एक छन्दको प्रयोगमा गम्भीरता अपनाउने, लामो र विशेष खालको सर्ग योजना नगर्ने र लघु आयामको संरचनालाई आत्मसात् गर्ने जस्ता विशेषताहरू यस काव्यमा प्रस्ट देखिन्छन् ।

कथावस्तुका रूपमा नेपाली समाजका बैंसालु विधवाहरूको यौनजन्य आवेग, सामाजिक पीडा र तिनबाट जन्मने सामाजिक समस्याको यसमा चित्रण गरिएको छ । एउटी पात्रको माध्यमबाट विधवा समस्या, यौन दमन र मातृत्वको पीडालाई चित्रण गर्दा कथावस्तु, पात्र र परिवेशबीच गहिरो अन्तर्सम्बन्ध देखिन्छ । यो खण्डकाव्यसिद्धान्तले सङ्केत गरेको जीवन जगतको एक पक्ष दर्शाउने वस्तुगत गुणसँग पूर्णतः मेल खान्छ ।

त्यसरी नै करुण रसको प्रधानता, लोकलयको एकरूपता, जीवन जगत्को एक पक्ष सम्बद्ध वैचारिक सन्देशसम्प्रेषण, माधुर्य गुणयुक्त बिम्बालङ्कारसुसज्जित सम्प्रेष्य भाषाशैली, ८५ श्लोकको मझौला आयाम जस्ता परिपेक्ष्यले पनि 'पापिनी आमा' प्रबन्धकाव्यको एउटा प्रकार खण्डकाव्यका रूपमा देखापरेको तथ्य खण्डकाव्यसिद्धान्तका आलोकमा पुष्टि भएको देखिन्छ । यसरी, समष्टिमा भन्दा 'पापिनी आमा' काव्यमा खण्डकाव्यसम्बन्धी सैद्धान्तिक मूल्यमान्यताहरू निहित छन् । त्यसैले जीवनगतको एकपक्षीय प्रस्तुति, एक रसको प्रमुखता, एक लयको स्थायित्व, पात्र र परिवेशको एकरूपता, सर्गविहीन योजना र नारी समस्या एवं सन्तान वात्सल्यसम्बन्धी सन्देश जस्ता तात्विक पक्षलाई आत्मसात् गरेकाले 'पापिनी आमा' कविताको मझौला आयामको प्रबन्धकाव्यगत सैद्धान्तिक अपेक्षाअनुकूलको सफल खण्डकाव्यकृति हो भन्ने निष्कर्षमा पुगिन्छ ।

**सन्दर्भ सामग्री**

अवस्थी,महादेव (२०५६) लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) काठमाडौँः त्रिभुवन विश्वविद्यालय ।

अवस्थी, महादेव,(२०६४), आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श, काठमाडौँः इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

उपाध्याय केशवप्रसाद (२०४९), साहित्यप्रकाश (पाँ.सं.) ललितपुर साझा प्रकाशन ।

खत्री, विष्णुकुमार,(२०६७), माधव घिमिरेको खण्डकाव्यकारिता (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), दाङः नेपाल संस्कृत विश्वविद्यालय

खत्री,विष्णुकुमार (२०७२), माधव घिमिरेको खण्डकाव्यकारिता विश्लेषण र मूल्याङ्कन,
काठमाडौँः वृहस्पति पुस्तक प्रकाशन ।

खत्री, विष्णुकुमार, (२०७३) 'खण्डकाव्य सिद्धान्तका कसीमा उर्वशी' पशुपति प्रज्ञा, (अङ्क १),काठमाडौँः पशुपति बहुमुखी क्याम्पस ।

गौतम, लक्ष्मणप्रसाद, (२०६०), समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण, ललितपुर : साझा प्रकाशन।

घिमिरे, माधव (२०५७), राजेश्वरी (पापिनी आमासहित), सा.सं.) ललितपुरः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, (२०४८) 'कविताको सैद्धान्तिक चिनारी' नेपाली कविता भाग २ ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, (२०५५)'कविताः विधागत चिनारी' नेपाली कविता भाग ४ (ते.सं.), ललितपुरः साझा प्रकाशन ।

विश्वनाथ, (२०१३), साहित्यदर्पण , वाराणसी : मोतीलाल बनारसी दास ।

सिग्देल, सोमनाथ (२०५८), साहित्य प्रदीप (दो.सं.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।